मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मितिः २०८२ फागुन १७

होली (फागु पूर्णिमा) को हार्दिक शुभकामना सन्देश

रङ्गहरूको पावन पर्व **होली (फागु पूर्णिमा)** २०८२ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। मधेशी समुदायको कला, संस्कृति र पहिचानसँग अभिन्न रूपमा जोडिएको यो महापर्व आपसी सद्भाव, भ्रातृत्व र सहिष्णुताको प्रतीक हो। असत्यमाथि सत्यको विजय र द्वेषमाथि प्रेमको जितका रूपमा मनाइने होलीले हाम्रो बहुसांस्कृतिक समाजलाई एकताको सूत्रमा उनेको छ।

होलीका विविध रङ्गहरूले जस्तै हाम्रो समाजका विभिन्न भाषा, धर्म र संस्कृतिबीचको सम्बन्ध अझ प्रगाढ बनोस्। यस पर्वले मधेशी समुदाय लगायत सम्पूर्ण नेपालीको हक, अधिकार र पहिचानको संरक्षण गर्दै मुलुकमा दिगो शान्ति र समृद्धिको आधार तयार गर्न हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु। बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता बोकेको हाम्रो मुलुकमा यस्ता चाडपर्वहरूले राष्ट्रिय एकतालाई थप मजबुत बनाउनुका साथै विभिन्न समुदायबीच आपसी समझदारी र सम्मान अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोगले लिएको छ।

अन्त्यमा, होली पर्वलाई सभ्य, मर्यादित र हर्षोल्लासका साथ मनाउनुहुन सबैमा विनम्र आग्रह गर्दछु।

.....

(माननीय जीवछ साह)
कार्यवाहक अध्यक्ष